# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पत्र संख्या ०८१।०८२
Letter No.:
चलानी नं.
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

**प्रकाशित मिति - २०८१/०७/२३**

यस माछापुच्छ्रे गाउँपालिका कार्यालयका लागि नेपाल सरकार चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७६ को दफा ३ को करार सेवामा जनशक्ति लिने सम्बन्धी अधिकार र माछापुच्छ्रे गाउँपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को दफा ३ ङ वमोजिम यस गाउँपालिका कार्यालय अन्तर्गत रिक्त रहेको स्थानीय स्वास्थ्य सेवा हेल्थ असिष्टेन्ट पाँचौ तहमा स्थायी व्यक्ति सिफारिश/सरुवा भई आएमा वा कार्यालयबाट अर्को व्यवस्था भएमा स्वत: हट्ने गरी तपशिल वमोजिम सेवा करार पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले दरखास्त फाराम भरी यस गाउँपालिका कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद | सेवा/समूह | तह | परीक्षाको किसिम | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| MRM-१०-०८१/०८२ | हे.अ. | स्वास्थ्य/ हे.ई. | पाँचौ | लिखित तथा अन्तर्वार्ता | २(दुई) | ५००/- |

१. दरखास्त दिने अन्तिम मिति - सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०८/०७ गते कार्यालय समय भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।
२. आवश्यक शैक्षिक योग्यता - लोकसेवा आयोगको नियमानुसार ।
३. आवेदन साथ संलग्न कागजातहरु - व्यक्तिगत विवरण, ३ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपीहरु, अनुभव भए सो सम्बन्धित प्रमाण/पत्र र राजश्व बुझाएको सक्कल रसिद सहितको गाउँपालिकाबाट उपलब्ध गराइएको फाराम ।
४. तलब स्केल - सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
५. करार अवधि – २०८१ माघ मसान्तसम्म (कार्य सम्पादनको आधारमा आवश्यकता अनुसार करार नवीकरण गर्न सकिने)
६. उमेर हद – लोकसेवा आयोगको नियमानुसार ।
७. दरखास्त दिने स्थान - माछापुच्छ्रे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, लाहाचोक, कास्की ।
८. लिखित तथा अन्तर्वाता मिति - पछि प्रकाशन गरिने छ ।
९. सूचनामा उल्लेख नभएका कुरा प्रचलित नियम/कानून बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

गोपीकृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत